# नेपाल रेडक्रस सोसाइटी
# सामाजिक सञ्जाल प्रयोग
# कार्यविधि, २०७५

नेपाल रेडक्रस सोसाइटी राष्ट्रिय मानवीय सिद्धान्त तथा कुटनीति समितिको २०७५ पौष २८ गते बसेको १२ औं बैठकबाट निर्णय भई २०७५ पौष २९ र ३० गतेको नेरेसो केन्द्रीय कार्यसमितिको २६९ औं बैठकबाट स्वीकृत

नेपाल रेडक्रस सोसाइटी

## नेरेसो सामाजिक सञ्जालको प्रयोगकर्ताहरूका लागि निर्देशन सिद्धान्तहरू

(नेरेसोको दृश्यात्मक पहिचानसम्बन्धी निर्देशिका (२०१२) मा उल्लिखित सामाजिक सञ्जालको प्रयोगकर्ताका लागि बनेको निर्देशिकाका मूलभूत बुँदाहरू)

**निर्देशन सिद्धान्त :** सामाजिक सञ्जालको प्रयोग गर्दा वा विद्युतीय माध्यमबाट लेखन वा प्रयोग (ब्लग, फोटो, फोटोग्राफ, रेकर्डिङ र फिल्म) गर्दा निम्न अनुसारका निर्देशन सिद्धान्तको पालना गर्नु पर्दछ।

- सामान्य नियमहरू र तरिकाहरूको बारेमा समय-समयमा फोकल विभागमा सम्पर्क गर्नुहोस्।
- नेरेसोको असल सञ्चारक बन्नुहोस्।
- रेडक्रसप्रति लगाव देखाउनुहोस्।
- सकारात्मक रूपमा आफ्नो अनुभवहरू बाँडी आफ्नो र संस्थाको महत्व बढाउनुहोस्।
- डिस्क्लेमर प्रयोग गर्नुहोस्।
- सही र उत्तरदायी बन्नुहोस्, मानवीय मर्यादाको सम्मान गर्नुहोस् र आफ्नो उपस्थिति मूल्यवान् बनाउनुहोस् ।
- व्यक्तिगत गोपनीयता कायम गर्नुहोस्। प्राइभेसि सेटिङ्गमा ध्यान दिनुहोस्।
- अनलाइन गतिविधि गर्दा सरकारद्वारा लागू गरिएका नीति नियमहरूको पालना गर्नुहोस्।

**माथि उल्लिखित निर्देशनका अतिरिक्त तलका नियमहरू सधैं पालना गर्नुहोस्।**

- समाचार रिपोटिङ मञ्चका रूपमा प्रयोग नगर्नुहोस्।
- आरसीआरसी (रेडक्रस रेडक्रिसेण्ट) चिन्हको प्रयोग नगर्नुहोस्।
- सामान्य चेतको प्रयोग गर्नुहोस्।
- घाइते तथा मृतकको संख्या उल्लेख गर्दा ध्यान दिनुहोस्।

# नेपाल रेडक्रस सोसाइटी
# सामाजिक सञ्जाल प्रयोग कार्यविधि, २०७५

नेपाल रेडक्रस सोसाइटी (नेरेसो) ले संस्था र यसका गतिविधिहरू बारे सार्वजनिक जानकारी गराउन, समुदाय, लाभान्वित र अन्य सरोकारवालासँगको संवाद सुदृढ गर्न, सूचनाहरू तीव्र आदान-प्रदान गर्न र प्राप्त हुने जिज्ञाशा, सुझाव, गुनासाहरूको शीघ्र सम्बोधन गर्न नेरेसोका बिभिन्न निकायहरूको सामाजिक सञ्जालमा सहभागिता बढ्दो छ। यस सम्बन्धमा नेरेसो सूचना तथा सञ्चारनीति -२०५९ (सन् २००२) को दोस्रो संशोधन-२०७३ (सन् २०१६ सहित) एवं सामाजिक सञ्जाल प्रयोगकर्ताहरूका लागि निर्देशिका, २०१२ को उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन नेरेसोले यो सामाजिक सञ्जाल प्रयोग कार्यविधि २०७५ तयार गरेको छ।

**नेरेसोको सामाजिक सञ्जाल प्रयोग कार्यविधि, २०७५ ले निम्न पक्षमा सहयोग पुऱ्याउनेछ :**

क) नेरेसोका आधिकारिक ट्वीटर, फेसबुक, युट्युब, वेबसाइट एवं भविष्यमा खोलिने सामाजिक सञ्जालका विविध खाताहरूको नामाकरण, दर्ता र सञ्चालन प्रक्रियामा एकरुपता ल्याई थप व्यवस्थित बनाउन,

ख) नेरेसोका विभिन्न निकायहरूलाई सामाजिक सञ्जालको खाता सञ्चालनमा विषयवस्तुको सन्तुलन, अभिलेखन र प्रतिवेदनको कार्यविधि स्पष्ट गर्न,

ग) सामाजिक सञ्जाल प्रयोग गर्दा आउन सक्ने साइवर जोखिम न्यूनीकरण र नियन्त्रण गर्न,

घ) संस्थामा आवद्ध कार्यकारी स्वयंसेवक, कार्यक्रम स्वयंसेवक र कर्मचारीहरूले व्यक्तिगत सामाजिक सञ्जालको खाता सञ्चालन गर्दा गर्नुपर्ने र गर्न नहुने विषयमा स्पष्ट गर्न र नियमन गर्न, र

ङ) रेडक्रसका स्वयंसेवक, सदस्यहरू र सरोकारवालहरू माझ सामाजिक सञ्जालको उचित प्रयोगको सचेतना बढाउन।

### १. नाम तथा प्रारम्भ :

क) यस कार्यविधिको नाम नेरेसो सामाजिक सञ्जाल प्रयोग कार्यविधि, २०७५ रहेको छ।

ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) सामाजिक सञ्जाल भन्नाले हाल सञ्चालनमा रहेका सामाजिक अन्तर्क्रिया हुने साइटहरू मुख्यतः फेसबुक, ट्वीटर, इन्टाग्राम, भाइबर, मेसेन्जर लगायतलाई जनाउँछ । साथै, नेपाल रेडक्रसले आगामी दिनमा प्रयोगमा ल्याउन सक्ने सामाजिक सञ्जाललाई पनि जनाउँछ।

ख) खाता भन्नाले सामाजिक सञ्जालमा संस्था वा व्यक्तिले सञ्चालनमा ल्याएका विद्युतीय खाता बुझ्नु पर्नेछ।

ग) ह्याण्डल भन्नाले ट्वीटर सञ्चालनको खाताको नाम बुझ्नु पर्नेछ।

घ) निकाय भन्नाले नेरेसोको केन्द्र, प्रदेश, जिल्ला र उपशाखा बुझ्नु पर्नेछ। नेरेसोका जुनियर/युवा सर्कलहरूलाई समेत समेटिने छ।

# परिच्छेद-१: संस्थागत खाता सञ्चालन

नेरेसोका केन्द्र, प्रदेश र जिल्ला शाखा, उपशाखा र जुनियर/युवा सर्कलहरूले संस्था र यसका गतिविधिहरू बारे सार्वजनिक जानकारी गराउन, समुदाय, लाभान्वित र अन्य सरोकारवालासँगको संवाद सुदृढ गर्न, सूचनाहरू तीव्र आदान-प्रदान गर्न र समुदायका विभिन्न क्षेत्रबाट प्राप्त हुने जिज्ञाशा, सुझाव, गुनासाहरूको शीघ्र सम्बोधन गर्न सामाजिक सञ्जाल खाता सञ्चालन गर्दा यस कार्यविधि अनुसार सञ्चालन गर्नुपर्नेछ।

### ट्वीटर वा फेसबुक:

क) सामान्यतया नेरेसोको एउटा निकायले एउटा सञ्जालमा एउटा मात्र खाता खोल्नु पर्नेछ । तर, कुनै विशेष कार्यक्रम वा अभियान सञ्चालन गर्न अत्यावश्यक भएमा केन्द्रीय कार्यालयमा जानकारी गराई अतिरिक्त खाता खोल्न सकिनेछ।

ख) खाताको नाम व्यक्तिगत नभई सम्बन्धित निकायको लेटरहेडमा रहेको नाम अनुसार हुनेछ। यस्तो नाम नेरेसोको दृश्यात्मक एकरुपता सम्बन्धी निर्देशिका (२०१२) बमोजिम हुनेछ। ट्वीटर ह्याण्डलमा पूरा नाम राख्दा लामो नामको कारणले सहज नहुने वा नाम जुध्ने परिस्थितिमा संस्थाको पहिचान गर्न सक्ने उचित ह्याण्डल (नाम) चयन गर्नुपर्नेछ।

ग) खातामा नेरेसोको आधिकारिक लोगो प्रयोग गर्नुपर्नेछ र सो लोगो नेरेसोको विधान र दृश्यात्मक एकरुपता सम्बन्धी निर्देशिकाले तोकेबमोजिम हुनुपर्नेछ।

घ) सामाजिक सञ्जालको खाताको मुख्य पृष्ठमा राखिने कभर फोटोले संस्थाको स्पष्ट परिचय दिने र उद्देश्य स्पष्ट गर्ने खालको हुनु पर्नेछ। रेडक्रसबाट सञ्चालन हुने गतिविधिहरू वा विशेष अभियानको फोटोहरू समावेश गर्नुपर्नेछ। सामाजिक सञ्जालको प्रयोगकर्तालाई आकर्षित बनाइरहन कम्तीमा तीन महिनामा खाताको कभर फोटो फेर्न उपयुक्त हुनेछ।

ङ) खाताको संक्षिप्त परिचयमा संस्थाको आधिकारिकता खुल्ने गरी संस्था, सोको पूर्ण नाम र उद्देश्य राख्नुपर्ने छ। साथै संस्थाको वेबपेजको लिङ्कसमेत राख्नु पर्नेछ।

च) ट्वीटर र फेसबुक खातामा उपलब्ध सबै प्रकारका विशेषता आवश्यकता अनुसार प्रयोग गर्न सकिनेछ।

छ) ट्वीटर र फेसबुकले निर्धारण गरेका मापदण्डका आधारमा खाता रुजु (भेरिफाई) गर्नका लागि निश्चित समयपछि नेरेसो केन्द्रीय कार्यालयले सहजीकरण गर्नेछ।

ज) ट्वीटर वा फेसबुक खाता नियमित रुपमा सञ्चालनका साथै अध्यावधिक र प्राप्त जिज्ञासा शिष्टतापूर्वक समयमै सम्बोधन गर्नुपर्नेछ। खातामा आउने सन्देश र सूचनाहरूको नियमित अवलोकन गर्नुपर्नेछ। सम्बन्धित निकायले उचित जवाफ दिनु पर्नेछ। संवेदनशील र शीघ्र निकास लिनुपर्ने विषयमा निकायगत नेतृत्वलाई जानकारी गराइ उपयुक्त निर्णय लिई सोको जानकारी सार्वजनिक गर्नुपर्नेछ।

झ) सामुदायिक सहभागिता गराउन, सुझाव वा गुनासो संकलन गर्न, नेरेसोबाट सञ्चालन गरिने विशेष अभियानमा संलग्न गर्न गराउन मानिसहरूलाई उत्प्रेरित गर्नुपर्दछ। त्यसैले,नेरेसोको कार्यक्षेत्रभित्र रहेका जनचासोका सूचना तथा जानकारीहरू सम्बन्धित खाताबाट सार्वजनिक  गर्नु आवश्यक छ र यसरी पोष्ट गरिने विषयवस्तुका केही उदाहरणको सूची तल दिइएको छ :

- रेडक्रस अभियान र सिद्धान्त, र कार्यक्रमहरूको जानकारी
- नेरेसोका विकास तथा सेवामूलक गतिविधिहरूको समाचार, सन्देश, फोटो, भिडियो
- लाभान्वितको सफलताका कथा, फोटो, भिडियो, भनाई
- नेरेसोका स्वयंसेवकहरूको अनुभव, सन्देश र भनाई
- विशेष दिवस, कार्यक्रम, अभियानसम्बन्धी समाचार, फोटो
- महत्वपूर्ण परिवर्तन सम्बन्धी छोटो भिडियो, क्याप्सन सहितको फोटो
- हुन सक्ने विपद र फैलन सक्ने महामारीसम्बन्धी जनहितका सन्देशहरू
- नेरेसोका प्रकाशनहरू, रेडियो कार्यक्रम, वेबसाइट र लिङ्कहरू
- संस्थाबाट जारी गरिने सूचना, प्रेश विज्ञप्ती, आह्वान, र विज्ञापन
- रेडक्रस अभियान र मानवीय संस्थाहरूका विषयवस्तुहरू
- सेवाग्राहीलाई दिइनुपर्ने संस्थागत सार्वजनिक जानकारी

ञ) आपत्कालीन समयमा सामाजिक संजालबाट प्रसारित हुने सामग्रीहरूको महत्व अझ बढ्ने भएकोले सो समयमा संचार नै महत्वपूर्ण सहयोग हो (communication is aid) भन्ने भनाइलाई चरितार्थ गर्न सञ्चार समूहको सहकार्यमा यस्तो पेजमा सक्रियता थप वढाउनु पर्नेछ। यस्तो समयमा पोष्ट गरिने सामग्रीहरूको उद्देश्य निम्नानुसार हुनेछन् ः

- संचार जगतलाई विपद् तथा संकटका विषयमा रिर्पोटिङ गर्न उत्प्रेरित गर्ने,
- रेडक्रस अभियानले गरेको प्रतिकार्य बारे सम्भावित लाभग्राहीलाई सूचना दिने,
- रेडक्रसले गरेका प्रतिकार्यहरू र यसको प्रभाव देखाउने,
- मानवीय सेवाको अवस्था, आवश्यकता, समस्याहरू, सीमाको बारेमा जानकारी दिने
- महिला, बालबालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरू, लैंगिक अल्पसंख्यक, पिछडिएको वर्ग जस्ता थप ध्यान दिनुपर्ने मानिसहरूको अवस्था सुधारको लागि गरिएका, गरिने वा गरिनु पर्ने कार्यहरूबारे बताउने,
- आकस्मिक प्रतिकार्य र पुनर्लाभको सम्बन्ध र फरक दर्शाउने,
- आम मानिसहरू, सेवामा खटिने व्यक्ति र सेवाको क्रममा प्रयोग हुने उपकरण तथा सामग्रीहरूको सुरक्षा वढाउन र जोखिम घटाउने,
- पारदर्शिता र जिम्मेवारीपन वढाउन, सामुदायिक सहभागिता र सवै पक्षबाट सहयोग वढाउन तथा पृष्ठपोषण लिन दिन सघाउने ।

विषयवस्तुका केही उदाहरण :

- रेडक्रस अभियानका अपिलहरू, विज्ञप्ती र मूल सन्देशहरू,
- सरोकारवाला र सहयोगीहरूको ध्यान आकर्षण गर्नुपर्ने विषयहरू,
- स्रोतको उपलव्धता गर्न सघाउने विषयवस्तुहरू,
- अभियानका अंगहरूले मिलेर एकै प्रकारले, एउटै वोलीमा सहयोग गर्दैछन् भन्ने देखाउनेखालका विषयवस्तुहरू,
- रेडक्रस एक्सनमा छ भन्ने विषयवस्तुहरू,
- हल्ला वा भ्रम हटाउन मद्धत गर्ने विषयवस्तुहरू।

ट) रेडक्रस अभियान र नेरेसोको उद्देश्य हासिल गर्न थप सहयोगी हुने खालका विचारहरू लाईक गर्ने, मेन्सन गर्ने, रिट्वीट गर्ने र सन्देश, फोटो, भिडियो र कसैको भनाई उद्धृत गर्नेजस्ता कार्यहरू गर्न सकिनेछ। गतिविधिहरूको त्रैमासिक प्रतिवेदन तोकिएको अधिकारी समक्ष त्रैमासिक प्रतिवेदन पेश गर्नुपर्नेछ।

ठ) सोधिएको प्रश्न वा गरिएको टिप्पणी अर्को पक्षको गुनासो वा व्यक्तिगत सूचनासँग सम्बन्धित छ भने त्यस्ता जवाफहरू सार्वजनिक नहुने गरी व्यक्तिगत खातामा पठाइएको जानकारी मात्र सार्वजनिक गरिनेछ।

**ड) खाता सञ्चालन सम्वन्धी आपसी सहकार्य :**

अ. नेरेसोको कुनै एक निकायले आधिकारिक खाता सञ्चालनमा ल्याएपछि माथिल्लो निकायले सो खातालाई लाइक वा फलो र सेयर, मेन्सन वा अन्तर्क्रिया गरी प्रोत्साहन गरिनेछ।

आ. ट्वीटर वा फेसबुक खाता सञ्चालन गर्ने निकायले रेडक्रस वा अन्य निकायका खाताहरूसँग महत्वपूर्ण विषय वा साझा विषयका बारेमा जानकारी लिने र दिने कार्य गर्न सक्नेछन्। र, यस्तो सहकार्यलाई सवै निकायले सकारात्मक रुपमा सहयोग गर्नुपर्ने जिम्मेवारी हुनेछ।

इ. वाह्य निकायका सूचना, सुझाव, गुनासा सम्बन्धित निकायलाई जानकारी गराउन तथा कार्यान्वयन र ध्यानाकर्षणका लागि सोझै ट्वीटर वा फेसबुक खाता प्रयोग गर्न सकिने छ। यसका लागि म्यासेज, सेयरिङ, ट्याग वा मेन्सन, रिट्वीट,संकेतगर्नेजस्ता प्रक्रिया अपनाउन सकिनेछ।

ई. ट्वीटर वा फेसवुक खाता सञ्चालनमा आएका समस्या, गुनासा, सुझाव, सन्देशको कार्यान्वयन वा समाधानको लागि "**समस्या समाधान समूह**" ले आवश्यकता अनुसार कार्य गर्न सक्नेछ।

## विविध:

### १) नकारात्मक सन्देश प्रवाहित गर्नेलाई निषेधित गर्न सकिने :

गाली गलौजको भाषा प्रयोग गर्ने, अश्लील सामग्री पोष्ट गर्ने, अशिष्ट र संस्थाको छविमा गम्भीर आँच आउने, सामाजिक सद्भाव बिगार्ने, संस्थागत निष्ठामा आघात पुऱ्याउने जस्ता नकारात्मक सन्देश प्रवाहित गर्ने प्रयोगकर्ताहरूलाई निकायगत समस्या समाधान समूहले निर्णय गरी निषेधित सूचीमा राख्न सक्नेछ। हैरानी दिने, बारम्वार नकारात्मक टिप्पणी गर्नेको पोष्ट हटाउन सकिने छ।

### २) सामाजिक सञ्जालका खाताहरू सञ्चालन गर्ने जनशक्तिको व्यवस्था :

क) सामाजिक सञ्जालको सञ्चालन तथा व्यवस्थापन केन्द्रीय कार्यालयमा सञ्चार विभागले गर्नेछ। यसैगरी हरेक निकायले सामाजिक सञ्जाल व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्नु पर्नेछ।

ख) सामाजिक सञ्जाल सञ्चालनमा अनुभवी, ट्वीटर ह्यान्डल, फेसबुक खाता सञ्चालन गरेर बढीभन्दा बढी जनसमक्ष पुग्न सक्ने विधिहरूप्रति जानकार, सीपयुक्त र भाषिक दक्षता (अंग्रेजी, नेपाली र स्थानीय भाषा ) भएका जनशक्तिलाई सामाजिक सञ्जाल सञ्चालनको कार्यमा खटाइनेछ।

ग) सामाजिक सञ्जालको कार्यमा खटिएको जनशक्तिलाई सम्बन्धित निकायले उपयुक्त र स्पष्ट कार्य विवरण र यो कार्यविधि उपलव्ध गराउनुपर्नेछ।

### ३) समस्या समाधान समूहको व्यवस्था :

क) सामाजिक सञ्जालका खाता र ह्याण्डल सञ्चालन/व्यवस्थापनमा कुनै वाधा/व्यवधान/नसोचेको विषय आएको अवस्थामा सो समाधान र आवश्यक प्रतिक्रिया गर्न प्रत्येक निकायमा एक समस्या समाधान समूहको व्यवस्था गर्न सकिनेछ।

ख) यस प्रयोजनका लागि केन्द्रीय कार्यालयमा महामन्त्रीको संयोजकत्वमा कार्यकारी निर्देशक, संचार विभागका प्रमुख, कानुन विभागका प्रमुख, सूचना प्रविधि प्रमुख र सामाजिक सञ्जाल सञ्चालन गर्न तोकिएको प्रमुख कर्मचारीसहितको समस्या

समाधान समूह रहने छ । समूहको बैठक आवश्यकता अनुसार बस्नुपर्नेछ । बैठकमा प्रस्तुत हुने विषयसँग सम्बन्धित कर्मचारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

**४) सामाजिक सञ्जालको दर्ता, प्रमाणीकरण, सञ्चालन जिम्मेवारी (एडमिन) र हस्तान्तरण सम्बन्धी व्यवस्था :**

**क) खाता खोल्नु पूर्व सम्बन्धित कार्यसमितिले निम्न विषयहरूमा अनिवार्य निर्णय गर्नुपर्नेछ ।**

अ) खाताको नाम

आ) खाताको दर्ता र प्रमाणीकरणको प्रक्रिया अवलम्बन

इ) खाता सञ्चालनको प्रमुख जिम्मेवारी लिई पासवर्ड लिने व्यक्ति वा समूह (बढीमा दुईजना)को पहिचान,

ई) समस्या समाधान समूहको व्यवस्था

उ) पासवर्ड सुरक्षाको प्रक्रिया

पहिले नै खोलिएको खाताको हकमा पनि यो प्रक्रिया तुरुन्त पूरा गर्नुपर्नेछ ।

**ख) दर्ता प्रक्रिया :**

सम्बन्धित निकायको निर्णयसहित अनुसूचीमा भएको व्यवस्था वमोजिमको दर्ता फाराम भरी जानकारी र आधिकारिकताका लागि माथिल्लो निकायमा पठाउनुपर्नेछ ।

**ग) खाताको आधिकारिकता प्रमाणित गर्ने निकायहरू :**

अ) जिल्ला भित्र रहेका मातहतका निकायहरूको जिल्ला शाखाले

आ) जिल्ला शाखाहरूको खाताको हकमा प्रदेश कार्यालयको सिफारिसमा केन्द्रीय कार्यालयले, र

इ) प्रदेश कार्यालयहरूको केन्द्रीय कार्यालयले ।

ई) केन्द्रीय कार्यालयको महामन्त्रीले ।

**घ) खाता सञ्चालन तथा व्यवस्थापनका लागि सहयोग, समन्वय, क्षमता अभिवृद्धि र अनुगमन गर्ने निकायहरू :**

सबै निकायले आफ्नो खाताको अनुगमन, सुपरिवेक्षण र जोखिम न्यूनीकरण आफैं गर्नुपर्नेछ। जिल्ला शाखाले जिल्ला भित्र रहेका मातहतका निकायहरूको, प्रदेश कार्यालयले आफ्नो प्रदेश भित्रका जिल्ला शाखाहरूको र केन्द्रले सबै निकायको खाता सञ्चालन तथा व्यवस्थापनको लागि सहयोग, समन्वय, क्षमता अभिवृद्धि र अनुगमन गर्नेछ। यसको लागि उपशाखाले जिल्ला शाखामा, जिल्ला शाखाले आफ्नो र आफूमातहतको निकायहरूको खाताको विवरण प्रदेश कार्यालय र केन्द्रमा, त्यसैगरी प्रदेश कार्यालयले केन्द्रीय कार्यालयमा समष्टिगत पठाउनु पर्नेछ।

ङ) यसरी विवरण प्राप्त गर्ने माथिल्लो निकायले खाताहरूको समष्टिगत विवरण तयार गरी अद्यावधिक गर्नुपर्नेछ र सूचीकृत गरी सोको जानकारी सम्बन्धित निकायमा पठाउनु पर्नेछ । सोको आधारमा मात्र निकायहरूलाई क्षमता विकासका अवसरहरू उपलब्ध गराइनेछ । यसका लागि केन्द्रीय कार्यालयमा सञ्चार विभागको जिम्मेवारी रहनेछ।

च) कुनै पनि खाता सञ्चालन गर्न जिम्मेवारी तोकिएको व्यक्तिको परिवर्तन, सरुवा, अवकाश वा अन्य कुनै कारणले जिम्मेवारी परिवर्तन गर्नु पर्ने अवस्थामा सो खाता सञ्चालनको जिम्मा र सोसँग सम्बन्धित उपकरण, इमेल, पासवर्ड समेत संस्थाले तोकेको व्यक्तिलाई तत्कालै हस्तान्तरण गर्नुपर्नेछ।

**छ) पासवर्डको गोपनीयता र सुरक्षा :**

अ) सम्बन्धित निकायले तोकेको व्यक्तिले खाताको पासवर्ड तय गरी प्रयोग गर्नेछ । यस्तो पासवर्ड सुपरिवेक्षकले रुजु गरी आफ्नो र प्रयोगकर्ताको दस्तखत गरी लिखित रुपमा बन्दखामभित्र राखी सुपरिवेक्षकले तोकेको कार्यालय स्थलमै सुरक्षित राख्नुपर्नेछ। खाताको सुरक्षाको लागि सामान्यतया तीन महिनामा पासवर्ड परिवर्तन गरी माथिकै व्यवस्था वमोजिम राख्नुपर्नेछ।

समस्या समाधान समूहको संयोजकले सुपरिवेक्षकको काम गर्नेछ।

आ) ह्याक, भाइरस वा सुरक्षाका कारणले खाता सञ्चालनमा समस्या आई तत्काल पासवर्ड परिवर्तन गर्न अत्यावश्यक भएमा सुपरिवेक्षकलाई यथासक्य छिटो जानकारी दिई पासवर्ड परिवर्तन गर्न सकिनेछ । खाता सुरक्षाको जिम्मेवारी प्रमुख सञ्चालकको हुनेछ।

# परिच्छेद-२ः व्यक्तिगत खाता सञ्चालन

नेरेसोले आफ्ना स्वयंसेवक, कर्मचारी र सदस्यहरूलाई इण्टरनेट सुविधाको उपयोग गर्न र सार्वजनिक सम्बन्धका लागि सूचना प्रविधि र सामग्रीको फाइदा लिन प्रोत्साहित गरिरहेको छ । सामाजिक सञ्जालको उचित प्रयोगबाट रेडक्रसकर्मीहरू स्वयं र संस्थाको पनि ख्याती वढ्छ र सवैको विश्वास आर्जन हुनजान्छ । सामाजिक सञ्जालका माध्यमबाट सञ्चार गर्नु प्रथमतः व्यक्तिगत कुरा भए पनि यो निजी हुन सक्दैन । सामाजिक सञ्जालका माध्यमबाट गरिएका कुराकानी, व्यक्त विचार गुगल जस्ता सर्च इञ्जिनबाट खोजी गर्न सकिन्छ । त्यसैले, रेडक्रस जस्तो अति महत्वपूर्ण संस्थामा आवद्ध कार्यकारी स्वयंसेवक, कार्यक्रम स्वयंसेवक र कर्मचारीहरूले व्यक्तिगत सामाजिक सञ्जालको खाता सञ्चालन गर्दा पनि उत्तिकै ख्याल गर्नुपर्ने आवश्यक भएकोले यो कार्यविधि बनाइएको छ ।

संस्थालाई सहयोगी हुन सक्ने राजनैतिक, सामाजिक, आर्थिक, कुटनैतिक, सांस्कृतिक तथा धार्मिक क्षेत्रका व्यक्तिहरू, पेशाकर्मीहरू लगायत समुदायका व्यक्तिहरूलाई फलो वा लाइक गर्न सकिन्छ तर उहाँहरूको पोष्टमा होसियारीपूर्वक रेडक्रसका सिद्धान्तहरूलाई ख्याल गर्दै मात्र सहभागी हुनुपर्दछ ।

नेरेसो सूचना तथा सञ्चार नीति -२०५९ (सन् २००२) को दोस्रो संशोधन-२०७३ (सन् २०१६ सहित) मा व्यवस्था भएबमोजिम रेडक्रसकर्मीहरूले नेरेसो र रेडक्रस अभियानको सञ्चारक हौं भन्ने दायित्व वोध गर्नुपर्दछ । यसैले जिम्मेवारीपूर्वक सामाजिक सञ्जालको प्रयोग गर्न व्यक्तिगत खाता सञ्चालन गर्दा पनि निम्न अनुसार गर्नुपर्ने र गर्नु नहुने बुँदा तय गरिएको छ ।

# गर्नुपर्ने र गर्न नहुने कार्यहरू :

## गर्नुपर्ने कार्यहरूः

**मूलभूत निर्देशन : नेरेसोको सामाजिक सञ्जालको प्रयोगसम्बन्धी निर्देशन सिद्धान्तहरूको पालना गर्नुहोस् । रेडक्रसका आधारभूत सिद्धान्तअनुरुप व्यवहार प्रदर्शन गर्नुहोस् ।**

१. सामाजिक सञ्जालमा उपस्थित हुँदा आफ्नो वास्तविक नाम र परिचय प्रयोग गर्नुहोस् । तपाईंको आफ्नो परिचय लेख्ने लाइनमा भने रेडक्रससँगको आवद्धता लेख्न सक्नुहुन्छ ।

२. खातामा देखिने गरी डिस्क्लेमरको प्रयोग गर्नुहोस् । (जस्तै : यो मेरो व्यक्तिगत खाता हो । यसमा प्रस्तुत विषयले म संलग्न संस्थालाई प्रतिनिधित्व गर्दैन) ।

३. खाताको गोपनियता र सुरक्षाको लागि आफ्नो खातामा प्राइभेसी सेटिङ उपयुक्त तरीकाले गर्नुहोस् । बेलाबखतमा पासवर्ड बदल्नुहोस् । कसैलाई ट्याग गर्दा ट्याग गरिने व्यक्तिको रुची छ छैन वा सान्दर्भिक छ छैन विचार गर्नुहोस् ।

४. व्यक्तिगत विषयवस्तुका अलावा रेडक्रस अभियानको पनि सकारात्मक रुपले प्रचार प्रसार गर्नुहोस् ।

५. रेडक्रस अभियान र नेरेसोको प्रतिष्ठालाई उच्च पार्ने विषयहरू पोष्ट, लाइक, ट्वीट, रिट्वीट वा सेयर गरी सकारात्मक भावना सम्प्रेषण गर्न प्रयत्नशील रहनुहोस् ।

६. पोष्ट गर्दा वा लेख्दा अरुको मर्यादा र गोपनीयताको अधिकारको सम्मान गर्नुहोस् ।

७. बहुल धर्म-संस्कृति, सामाजिक मूल्य मान्यता, सहनशिलता, भेदभावविहिनता, समावेशीकरण, अहिँसा, शान्तिको प्रवर्द्धन जस्ता बिचारहरूप्रति सम्मान दर्शाउनुहोस् । त्यस्ता सकारात्मक विषयलाई प्रेरित गर्नुहोस् ।

८. अरुको फोटो, विचार तथा फिल्म खिच्दा वा सार्वजनिक गर्दा अनुमति लिएर मात्रै गर्नुहोस् ।

९. कुनै तथ्याङ्क वा सामग्री प्रयोग गर्दा स्रोत खुलाउनुहोस् ।

१०. कसैले रेडक्रस अभियानको गलत ढंगले प्रतिनिधित्व गरेको वा नकारात्मक पोष्टहरू गरेको पाउनुभएमा शिष्टतापूर्वक सुधार गर्न अनुरोध गर्नुहोस् । आफू नजिकको निकायको फोकल पर्सनलाई तत्काल यस्तो विषयमा जानकारी गराउनुहोस् ।

११. सानो आकारको उपकरण (जस्तै : मोवाइल फोन) मार्फत सामाजिक सञ्जालको प्रयोग गर्दा हिज्जे गल्तीहुन सक्ने, झुक्किएर गलत किइ (Key) दाबिन सक्ने, गलत एकाउण्टमा पोष्ट हुन सक्ने वढी सम्भावना भएकाले ख्याल गर्नुहोस् ।

१२. आफ्नो खाताबाट गलत तथ्यांक, विचार, फोटो जस्ता सामग्री गई गल्ती हुन गएमा स्वीकार गरी यथासम्भव छिटो सुधार गर्नुहोस् ।

१३. सिक्न सधैँ तयार रहनुहोस् । नयाँ विशेषताहरू प्रयोग गर्दा कसैको निगरानीमा रहनुहोस् वा जान्ने मान्छेसँग सहयोग माग्नुहोस् । संस्थासँग जोडिएको विषयमा पोष्ट गर्दा द्विविधा भएमा फोकल पोइन्ट वा निकटतम सुपरिवेक्षकसँग सल्लाह गर्नुहोस् ।

१४. आफ्नो खाताको नियमित अनुगमन गर्नुहोस् । आफ्नो उपस्थितिलाई मुल्यवान् बनाउनुहोस् । सामान्य चेतनाको प्रयोग गर्नुहोस् ।

१५. रेडक्रसको कामको शिलसिलामा भ्रमणमा जाँदा त्यसको सकारात्मक विषयवस्तु, सिकेको कुरा र अरुलाई कामलाग्ने कुरा सेयर गर्नुहोस् । कार्यक्रमको उद्देश्य, सान्दर्भिकतालाई सम्मान गर्नुहोस् ।

## गर्न नहुने कार्यहरूः

**मूलभूत निर्देशन : रेडक्रसका आधारभूत सिद्धान्तसँग मेल नखाने, संस्थाको हित नहुने व्यहार प्रदर्शन नगर्नुहोस् । संस्थाको आचार संहिता, सामाजिक सञ्जालको प्रयोगसम्बन्धी सामान्य नियमहरू र यससम्वन्धी सरकारबाट लागू नियमहरू उल्लंघन नगर्नुहोस् ।**

१. संस्थाको चिन्ह, नामलाई युजरनेम वा प्रोफाइल चित्र नबनाउनुहोस् । (जस्तै : @Suman राख्नुहोस् तर @RedCrossSuman नराख्नुहोस्)

२. रेडक्रससँगको आवद्धता देखाए पनि तपाईको खाता संस्थागत जस्तो नबनाउनुहोस् ।

३. कसैलाई पनि पासवर्ड सेयर नगर्नुहोस् । नचिनेको वा असान्दर्भिक लाग्ने व्यक्ति सँग अनलाइन सम्वन्ध नराख्नुहोस् ।

४. संस्थागत रिपोर्ट गर्ने थलोको रुपमा सामाजिक सञ्जाललाई प्रयोग नगर्नुहोस् ।

५. संस्थाको प्रतिष्ठामा नकारात्मक असर पुग्ने सामग्री पोष्ट, लाइक, ट्वीट, रिट्वीट वा सेयर नगर्नुहोस् । तपाईको मूल जिम्मेवारीलाई असर पर्नेगरी सामाजिक सञ्जालमा नअल्झनुहोस् ।

६. अरुको मर्यादा हनन हुने वा गोपनीयता भङ्गहुने खालका सामग्रीहरू सार्वजनिक नगर्नुहोस् ।

७. संस्थाको निष्पक्षता, तटस्थता र स्वाधीनताको सिद्धान्तलाई खास ख्याल गर्दै राजनैतिक वा विवादास्पद विषयमा तानिने वा रेडक्रसकर्मीको सुरक्षित पहुँचमा खलल पुग्ने गरी सार्वजनिक रुपले धारणा व्यक्त नगर्नुहोस् र त्यस्ता पोष्टहरूमा सहभागी नहुनुहोस् ।

८. प्रतिलिपी अधिकार, सूचना प्रविधिसँग जोडिएका सामान्य नियमहरूलाई उलङ्घन नगर्नुहोस् ।

९. संस्थाको आन्तरिक र गोप्य राख्न पर्ने विषयहरू पोष्ट नगर्नुहोस् ।

१०. नकारात्मक सन्देश प्रवाह हुने खालका पोष्ट नगर्नुहोस् ।

११. साना वा ठूला उपकरणहरू संवेदनशील हुने भएकाले लक नगरी नछाड्नुहोस् ।

१२. सामाजिक सञ्जालको प्रयोग गर्दा नजानेर वा भूलवस वा असावधानीका कारण जो कोहीबाट पनि गल्ती हुन सक्छ । त्यस्तो गल्ती नदोहऱ्याउनुहोस् । ढीपी नगर्नुहोस् ।

१३. क्षमता वा समयको कारणले नियमितरुपमा अद्यावधिक गर्न नसकिने गरी सामाजिक सञ्जालका धेरै खाताहरू नबनाउनुहोस् ।

१४. मिशनमा रहेको बेलामा स्थान र गतिविधिका बारेमा तपाई र तपाईको टिमलाई दवाब बढाउने खालका पोष्टहरू नगर्नुहोस् । (जस्तै : राहत सामग्रीको ट्रक १० मिनेटमा जगाती पुग्दै ।)

१५. संस्थाको तर्फबाट भ्रमण गर्दा वा कार्यक्रममा सहभागी हुँदा वा रहँदा संस्थाको कामसँग असन्तुलित देखिने गरी व्यक्तिगत पोष्ट नगर्नुहोस् ।

# परिच्छेद-३ : सेवा सुविधा तथा दायित्व र कारवाही

## १. अतिरिक्त सेवा तथा सुविधा :

स्वयंसेवक वा कर्मचारीले दायित्वस्वरुप वा स्वेच्छाले गर्ने अनलाइन सञ्चार कार्य घण्टा, कामको अवस्था र तलव सुविधामा अतिरिक्त भार पार्न ल्याइएको होइन । तर, यो कार्यविधिमा उल्लेख भएका खास तोकिएका जिम्मेवार व्यक्तिहरूको हकमा सेवा सुविधाको विषयमा विशेष निर्णय गर्न सकिने छ।

## २. दायित्व र कारवाही:

क. यस कार्यविधिको पालना गर्ने गराउने दायित्व नेरेसोका सम्वन्धित निकायमा रहनेछ।

ख. यस कार्यविधिको उलङ्घन भएको विषयमा सम्बन्धित निकायले छानविन गरी आएको निश्कर्ष बमोजिम निर्णय गरी उलङ्घनकर्ता निकाय वा व्यक्तिलाई कारवाही गर्न सकिनेछ।

  अ. संस्था वा स्वयंसेवकको हकमा नेरेसोको विधान र आचारसंहिताको उल्लंघन भए वमोजिम ठहरिनेछ।

  आ. कर्मचारीको हकमा कर्मचारी सेवा नियमावली वमोजिम उलङ्घन भएको ठहरिनेछ।

ग. सम्वन्धित निकायले गरेको कारवाहीको विवरण माथिल्लो निकायमा पठाउनु पर्नेछ। र, विवरण प्राप्त गर्ने निकायले कारवाहीको उपयुक्तता हेर्नेछ।

घ. रेडक्रस अभियान भित्र वा वाहिरका नेपाल भरिका कुनै पनि निकाय वा व्यक्तिहरूले संस्थागत स्वीकृति नलिई रेडक्रस चिन्ह, नाम राखी सामाजिक सञ्जालमा सक्रिय भई संस्था वा संस्थाका जिम्मेवार व्यक्तिहरूप्रति नकारात्मक असर पर्ने गतिविधि गरेको थाहा भएमा नेरेसोको सम्वन्धित निकायले सम्झाउने, वुझाउने गर्नुपर्नेछ र आवश्यक परे नेपालको कानुन अनुसार कारवाहीको लागि अगाडि बढाउन सक्नेछ।

# अनुसूची-१

नेपाल रेडक्रस सोसाइटीका सबै निकायहरुको लागि
**नेरेसो सामाजिक सञ्जाल प्रयोग कार्यविधि, २०७५ बमोजिम**
सामाजिक सञ्जाल दर्ता, आधिकारिकता र अभिलेख सम्बन्धी फाराम

श्री ................................................................ ज्यू

नेपाल रेडक्रस सोसाइटीको उपशाखा/जिल्ला शाखा/प्रदेश कार्यालय/केन्द्रीय कार्यालय .................

**विषय : सामाजिक सञ्जाललाई संस्थागत आधिकारिकता प्रदान गरिदिनुहुन ।**

महोदय,

नेपाल रेडक्रस सोसाइटी ..............................प्रदेश/जिल्ला शाखा/उपशाखा/सर्कलको मिति ................गते बसेको कार्य समितिको बैठक नं. .......मा नेरेसोको सञ्चार नीति, सामाजिक सञ्जाल सम्बन्धी निर्देशिका र नेरेसोका स्वयंसेवकहरुको लागि आचार संहिताको बारेमा छलफल भई सञ्चालनमा ल्याइएको/ल्याइने सामाजिक सञ्जाल दर्ता गरी आधिकारिकता र जानकारीको लागि त्यहाँ पेश गर्ने निर्णय बमोजिम यो फाराम पेश गरिएको छ । साथै, सञ्जालको गुणस्तर अभिबृद्धिको लागि प्राविधिक तथा अन्य सहयोग पुऱ्याइदिनुहुन अनुरोध गर्दछौं ।

**विवरण :**

१. सामाजिक सञ्जाल:**......................** २.प्रयोग गरिने भाषा **(एक भन्दा वढी भएमा प्राथमिकता क्रममा लेख्नुहोस्)** :....................
३. सञ्जालको पुरा नाम सहितको लिङ्क : ..............................................................................
४. सञ्जाल सञ्चालन गर्न पासवर्डसहित जिम्मेवारी दिइएको व्यक्ति (मूल एडमिन) को :

**नाम, थर :**.............................................. **पद :**..............................**इमेल :**.................................. **मोवाइल फोन:** .........
**स्थायी ठेगाना :**......................................................... **हालको सम्पर्क ठेगाना :**................................................................

५. सञ्जालको सञ्चालनका क्रममा प्रत्यक्ष सहयोग गर्ने पासवर्ड लिने अन्य व्यक्तिहरुको विवरण :

**क)** **नाम, थर :**......................................... **पद :**...........................**इमेल :**.............................. **मोवाइल फोन:** .........
**स्थायी ठेगाना :**............................................ **हालको सम्पर्क ठेगाना :**.........................................................

**ख)** **नाम, थर :**......................................... **पद :**...........................**इमेल :**.............................. **मोवाइल फोन:** .........
**स्थायी ठेगाना :**.............................................. **हालको सम्पर्क ठेगाना :**................................................................

६. प्रत्यक्ष अनुगमन र समस्या समाधान समूहको जिम्मेवारी लिने व्यक्ति/पदाधिकारीको विवरण :

**नाम, थर :**.............................................. **पद :**..............................**इमेल :**.................................. **मोवाइल फोन:** .........
**स्थायी ठेगाना :**.......................................................... **हालको सम्पर्क ठेगाना :**..............................................................

७. पासवर्ड खामवन्दी गरी राखिएको मिति :...................

**यो विवरण तयार गर्नेको :**

नाम : ..............................पद : ..........................

दस्तखत :...................... मिति..............

**यो विवरण प्रमाणित गर्नेको :**

नाम : ..............................पद : ..........................

दस्तखत :...................... मिति..............

**निकाय र ठेगाना:**.................... ....................

# रेडक्रस तथा रेडक्रिसेन्ट अभियानका आधारभूत सिद्धान्तहरू

### मानवता
रणक्षेत्रमा घाइते भएका व्यक्तिहरूलाई भेदभावविना सहयोग पुऱ्याउने उद्देश्य लिएर स्थापना गरिएको अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेण्ट अभियान अन्तर्राष्ट्रिय र राष्ट्रिय दुवै हैसियतमा जहाँसुकै मानवीय विपत्तिलाई हटाउन वा कम गर्न प्रयत्नशील रहन्छ। यसको उद्देश्य जीवन तथा स्वास्थ्यको सुरक्षा गर्नु तथा मानवको सम्मानलाई सुनिश्चित गर्नु हो। यसले सम्पूर्ण मानवकम बीचमा पारस्परिक समझदारी, मित्रता, सहयोग र चिरस्थायी शान्तिको अभिवृद्धि गर्दछ।

### निष्पक्षता
रेडक्रसले राष्ट्रियता, जाति, धार्मिक विश्वास, वर्ग र राजनीतिक विचारधाराको आधारमा कुनै भेदभाव गर्दैन। यसले विपत्तिको अवस्थामा मानवलाई सहयोग पुऱ्याउँदा उनीहरूको आवश्यकतालाई मात्र ध्यानमा राख्दछ र सबभन्दा बढी विपत्तिमा परेकालाई प्राथमिकता दिन्छ।

### तटस्थता
सबैको विश्वास प्राप्त गरिरहनका निम्ति शत्रुतापूर्ण व्यवहारमा र कुनै पनि क्षण राजनीतिक, जातीय, धार्मिक अथवा वैचारिक स्वभावका विवादहरूमा रेडक्रस अभियानले कुनैको पक्ष लिंदैन।

### स्वाधीनता
रेडक्रस अभियान स्वाधीन छ। राष्ट्रिय सोसाइटीहरूले सम्बन्धित सरकारको मानवीय सेवा कार्यमा सहयोग र सम्बन्धित राष्ट्रको ऐन-कानुन पालन गर्दा आफ्नो स्वायत्तता सदा कायम गर्नै पर्दछ जसबाट रेडक्रस अभियानका आधारभूत सिद्धान्तअनुरूप काम गर्न ती निकायहरू सदैव सक्षम हुन सकून्।

### स्वयंसेवा
रेडक्रस स्वेच्छाले अरूको भलाइ गर्ने अभियान भएकाले कुनै पनि किसिमको लाभको इच्छाबाट प्रेरित हुँदैन।

### एकता
एउटा मुलुकमा एउटै मात्र रेडक्रस अथवा रेडक्रिसेन्ट सोसाइटी हुन सक्दछ। यो सबैका लागि खुला हुनै पर्दछ। यसले आफ्ना मानवीय कार्यहरू देशभरि सञ्चालन गर्नै पर्दछ।

### विश्वव्यापकता
अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियान विश्व्यापी छ जसमा सबै सोसाइटीहरूको समान सम्मान हुन्छ र ती सोसाइटीहरूले एक-आपसमा सहयोग गर्ने समान दायित्व र कर्तव्यको पालना गर्दछन्।


## नेपाल रेडक्रस सोसाइटी

पोष्ट बक्स नं. : २१७

रेडक्रसमार्ग, कालीमाटी, काठमाडौं, नेपाल

वेवसाइटः www.nrcs.org

फेसबुकः facebook.com/nepalredcross

ट्विटरः twitter.com/NepalRedCross

टेलिफोनः ००९७७-१-४२८५०८९, ४२७०६५०, फ्याक्सः ००९७७-१-४२७१९१५



*यो पुस्तिका सार्वजनिक वितरणका लागि होइन। नेरेसोका स्वयंसेवक र कर्मचारीहरूको जानकारी र सचेतनाका लागि मानवीय मूल्य तथा सञ्चार विभागद्वारा प्रकाशित गरिएको हो। यसको आधिकारिक प्रमाणित प्रति नेरेसोको केन्द्रीय कार्यालयमा सुरक्षित छ।*

*प्रकाशन मिति : २०७६ बैशाख। प्रकाशन प्रतिः ५००*